हिमाली सुस्केरा

राष्ट्रिय साप्ताहिक

वर्ष : २३, अङ्क : २८, २०८२ बैशाख ७ गते आइतवार (20 Apr. 2025) मूल्य रु. २०।-



प्रधानमन्त्री निवास बालुवाटारमा शिर्ष नेताहरुको छलफल । गणतन्त्र पक्षधर सबै एकजुट भएर गणतन्त्रको संरक्षण र सम्बर्द्धनका लागि लाग्ने सहमति गर्दै । संक्रमण कालिन न्यायलाई छिटो टुंग्याउन लागि पर्ने सहमति भएको जनाइएको छ ।

सत्ता साझेदार दलको निष्कर्ष सरकार सही बाटोमा छ

सुस्केरा समाचारदाता

काठमाडौँ, वैशाख - सत्ता साझेदार नेपाली कांग्रेस र नेपाल कम्युनिस्ट पार्टी (एमाले) का शीर्ष नेता सम्मि लित उच्चस्तरीय राजनीतिक संयन्त्र र कार्यदलको बैठकले सरकारका कामकारबाही सकारात्मक दिशामा रहेको निष्कर्ष निकालेको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा गत बुधबार प्रधानमन्त्री एवं एमाले अध्यक्ष केपी शर्मा ओली, पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा सहित शीर्ष नेता सम्मिलित बैठकले आर्थिक सुधार र राजनीतिक स्थिरताका सन्दर्भमा सरकार सही बाटो मा रहेको निष्कर्ष निका लेको हो । बैठकपछि गृहमन्त्री एवं कांग्रेस नेता रमेश लेखकले सरकारको कामकार बाहीलाई अझै तीव्रता दिनुपने ै समझदारी भएको बताउनुभयो । साथै उहाँले सत्ता सहयात्रामा कुनै समस्या नरहेको पनि बताउनुभयो । कांग्रेस महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले सरकारका कामकारबाहीको आलोचना गरिरहँदा बसेको उच्चस्तरीय संयन्त्रको बैठकले सत्ता साझेदार दलमा खटपट नरहेको प्रस्ट पारेको छ ।

गृहमन्त्री लेखकले भन्नुभयो, “समसामयिक राजनीतिक सन्दर्भमा कुरा भएको छ । बाहिर जुन ढङ्गले सर कारमा समस्या भयो कि भन्ने कुरा आइरहेको छ, त्यस्तोखालको कुनै समस्या छैन । शीर्ष नेतासहित हामी

.... .पेज नं. ८ मा

देश विकासमा मतभेद नराखौं: प्रम

सुस्केरा समाचारदाता

चितवन, वैशाख - प्रधानमन्त्री केपी शर्मा ओलीले देश विकासमा मतभेद नराख्न आग्रह गर्नुभएको छ। भरतपुर पुलचो क-गोन्द्राङ-६ लेन सडकको आज यहाँ उद्घाटन गर्दै उहाँले सबैलाई विकासमा केन्द्रित हुन आग्रह गर्नुभएको हो ।

प्रधानमन्त्री ओलीले भैरहवा, वीरगन्ज, पोखरा र काठमाडौंको मध्यभागमा पर्ने यहाँको सडक एसियाली मापदण्डअनुसार नमुना बनाइएको र पूर्व-पश्चिम रा जमार्गलाई थप फराकिलो बनाइने बताउनुभयो। सरकारको आफ्नै लगानी मा यो सडक बनाइएको उहाँले उल्ले ख गर्नुभयो ।

प्रधानमन्त्री ओलीले विकासमा रा जनीति गर्न नहुनेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, “अहिले चुनाव लाग्या पनि छैन र अहिले चुनाव प्रचार गर्नु पऱ्या पनि छैन । त्यतापट्टी गइहाल्नुपर्ने आवश्यकता पनि छैन”, उहाँले थप्नुभयो, “म आग्रह गर्न चाहान्छु सबैलाई सधै ँ राजनीति मात्रै, सधैं चुनाव मात्रै हो

.... .पेज नं. ८ मा

विकास निर्माणमा लापरवाही बेठिक

सुस्केरा समाचारदाता

डोल्पा, वैशाख - डोल्पा जिल्ला ने पालको हरेक क्षेत्रमा पछि परेको जिल्लाका रुपमा चिनिने जिल्ला हो । यो जिल्लालाई अरुले पछि पारेको भन्दा पनि यहाँका स्थानीयहरुको काममा लापरवाही हुने गरेका कारण विकास निर्माण भने जस्तो हुन नसके को आरोप लाग्ने गरेको छ ।

डोल्पा जिल्लाका ८ वटै स्थानीय तहहरुमा संघीय सरकार र प्रदेश सर कारका योजनाहरु मात्रै होइन स्था(नीय तहहरुमा आउने अनुदान तथा आन्तरिक स्रोतबाट बन्ने योजनाहरुको निर्माण कार्य पनि सन्तोषजनक हुन नसकेको विभिन्न अनुगमनकर्ताहरुले बताउने गरेका छन् ।

डोल्पा जिल्लामा संचालन हुने विकास निर्माणका लागि उपभोक्ता समिति बस्न पाएनौं भनेर मरिहत्ते गर्नुको कारण योजनाहरुमा अनियमितता

.... .पेज नं. ८ मा

विद्यार्थी भर्ना अभियान अनिश्चित बन्दै

सुस्केरा समाचारदाता

डोल्पा, वैशाख - शिक्षा ऐन जारी गर्नु पर्ने, शिक्षकहरुलाई संघिय सरकार अन्तर्गत राख्नु पर्ने लगायतका माग राखी शिक्षकहरु आन्दोलनमा रहेकाले आजबाट सुरु हुने विद्यार्थी भर्ना अभि यान कार्यक्रम अनिश्चित बनेको छ । नेपाल शिक्षक महासंघ केन्द्रिय समितिको आह्वानमा शिक्षकहरु २ हप्तादेखि आन्दोलनमा रहेका छन् । शिक्षकहरु आन्दोलनमा रहेकाले विद्या र्थी भर्ना अभियान केही समयका लागि स्थगित गरिएको सूचना सरस्वति मा ध्यमिक विद्यालय दुनैले जारी गरेर विद्यार्थी भर्ना अभियान स्थागित गरे को छ ।

आजबाट नयाँ शैक्षिक सत्र २०८२ को विद्यार्थी भर्ना अभियान नेपालका सबै विद्यालयहरुमा हुनु पर्नेमा शिक्षकहरु

.... .पेज नं. ८ मा

किसानहरु बालिनाली लगाउन व्यस्त

सुस्केरा समाचारदाता

डोल्पा, वैशाख - डोल्पाका किसानहरु यति बेला खेतपारीमा खेतिपातिमा व्यस्त रहेका छन् । किसानहरु बखे ै बाली लगाउनमा व्यस्त रहेको मुड्के चुला गाउँपालिकाका किसानहरुले बताउनु भएको छ ।

यति बेला मकै लगाउनका लागि खे तबारि तयारी गर्ने, डिल कान्लाको भत्को बान्नोहरु चिन्ने, बारिमा मलपर्सो छर्नुका साथै बाली लगाउने अन्तिम तयारी भैरहेको जनाइएको छ। डोल्पाका तीन भेग मध्ये मध्य र तल्लो भेगका सबै गाउँहरुमा मकै, कोदो, चिनो, कागुनो लगायतका बर्खे बाल(ीहरु लगाउनका लागि अन्तिम तयारी भैरहेको छ । यही महिनाको १०, १५ गते बाली लगाई सक्ने गरिन्छ ।

ख्यारो गर्ने दिन पर्खेर बसेको र अन्न लगाउने पहिलो दिनलाई ख्यारो गने ै भनिन्छ । ख्यारो गरे पछि बाली लगाउन सुरु हुन्छ । कुन दिन, कुन समयमा ख्यारो गर्ने दिन पाइएको छ त्यो दिनमा ख्यारो गरे पछि बाली लगाउन सुरु हुन्छ । ख्यारो गरेको ५, ६ दिनमै रात दिन गरेर बाली लगाउने

.... .पेज नं. ८ मा

परिवर्तनलाई भुलेर केही भएको छैन भन्नु गलत

रासस

काठमाडौँ, वैशाख - परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले देशमा केही पनि परिवर्तन भएको छैन भन्नेजस्ता ने पाललाई बदनाम गराउने किसिमका भ्रामक किसिमका प्रचारप्रसार भएको बताउनुभएको छ ।

डा महेश्वरी कुँवरद्वारा लिखित ‘सात प्रदेशको चित्र, एउटै क्यानभासभित्र’ पुस्तक विमोचन समारोहमा मन्त्री डा राणाले नेपालका बारेमा कूटनीतिक पक्षले भने सकारात्मक टिप्पणी गरिरहे का बेलामा मुलुकमा २०४६ सालपछि भएको सकारात्मक परिवर्तनलाई भुलेर केही विकास भएको छैन भन्नु गलत भएको उल्लेख गर्नुभयो ।

“गाउँगाउँमा सडक, स्वास्थ्यलगायत सेवासुविधा विस्तार भइरहेको छ । सञ्चार तथा प्रविधिको विकासमा पनि नेपालले फड्को मारेको छ”, मन्त्री डा राणाले भन्नुभयो, “नेपालमा केही पनि भएन । अब यो देशमा बसेर के काम ? भनेर नेपालीले नै अनावश्यक नकारात्मक प्रचार गरिरहेका छन् । नेपालमा परिवर्तन भइरहेको सकारा त्मक कुरा पनि मिडियामा आउनुपर्छ । नेपालमा सुधार भएको छ ।”

आन्दोलन, हड्ताल, राजनीतिक विवादजस्ता कुराले परिवर्तनका कार्यलाई असहज बनाउने काम भइरहे को उल्लेख गर्दै उहाँले यस्ता समस्या समाधान गरेर मुलुकको समृद्धिमा सबै लाग्नुपर्ने बताउनुभयो ।

बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले लोकतन्त्र स्थापनापछि भौतिक पूर्वाधारलगायत क्षेत्रमा सकारात्मक परिवर्तन भइरहेकाले निराश हुनुपर्ने आवश्यक भएको

.... .पेज नं. ८ मा

सत्ता साझेदार . ...

बसेका छौं। सरकारका कामलाई अझै गतिशील बनाउन बलियो समझदारी निर्माण भएको छ।"

बैठकमा एमाले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेल, परराष्ट्रमन्त्री डा. आरजु राणा देउवा, एमाले महासचिव शङ्कर पोखरेल, प्रधानमन्त्रीका मुख्य राजनीतिक सल्लाहकार विष्णु रिमालसहितका नेता सहभागी हुनुहुन्थ्यो।

शिक्षकका माग संसद्बाटै सम्बोधन

दुई दलीय संयन्त्र र कार्यदलको नियमित बैठकले शिक्षकका माग संसद्बाटै सम्बोधन गर्ने निष्कर्ष निकालेको छ । गृहमन्त्री लेखकले भन्नुभयो, "मन्त्रीपरिषद्को मङ्गलबार को बैठकले नै शिक्षकको आन्दोलनका मुद्दालाई सम्बोधन गरेको छ । सरकारले शिक्षकसँग पनि संवाद गरिरहेको छ । शिक्षकका माग आगामी अधिवेशनबाट सम्बोधन हुन्छन् ।"

उहाँले सभामुख देवराज घिमिरेले आगामी संसद्को अधिवेशन बजेट अधिवेशन भएकाले अरू विधेयक अघि बढाउन सकिन्छ कि सकिँदैन भन्ने आसयसाथ अभिव्यक्ति दिनुभए पनि सरकारले प्रस्तुत गरेको शिक्षासम्बन्धी विधेयकलाई निष्कर्षमा पुऱ्याउने बताउनुभयो। उहाँले भन्नुभयो, "विधेयकको प्रस्तुतकर्ता सरकार हो । यो संसद्कै सम्पत्ति हो । निष्कर्षमा पुऱ्याउने संसद्ले नै हो ।

संसद्मार्फत कसैको हस्तक्षेप हुने कुरा भएन तर सरकार शिक्षासम्बन्धी विधेयकको प्रस्तुतकर्ता भएको हुनाले चाँडै टुङ्गयाउने विषयमा सरकारले सहजीकरण गर्छ, सहयोग गर्छ, काम गर्छ । आउने अधिवेशनमा टुङ्गयाउन सकिन्छ ।"

उहाँले शिक्षकको माग पनि शिक्षा विधेयकलाई निष्कर्षमा पुऱ्याउनुपर्ने नै भएकाले यो विषय टुङ्गयाउन पनि बोलाइएको प्रस्ट पार्नुभयो । उहाँले भन्नुभयो, "यही अधिवेशनबाटै शिक्षा विधेयक निष्कर्षमा पुग्छ । त्यही ढङ्गले शिक्षकले लिनु पर्छ ।"

गृहमन्त्री लेखकले सरकारको कार्यशैलीका सन्दर्भमा पनि छलफल भएको बताउनुभयो । कांग्रेसभित्र सरकारको आलोचनाको विषयमा टिप्पणी गर्दै उहाँले भन्नुभयो, "सरकारले राम्रैसँग काम गरिरहेको छ । नेताहरूले आ-आफ्नो कुरा राख्नुहुन्छ तर आर्थिक सूचकाङ्क सुधारतिर गएका छन् ।

परिवर्तनलाई भुलेर .....

बताउनुभयो ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पोखरा पर्यटकीय राजधानी घोषणा भइसकेको जिकिर गर्दै कार्यान्वयनका लागि पूर्वाधार विकासमा जोड दिइएको बताउनुभयो । पुस्तककी लेखिका डा कुँवरले पुस्तकले नेपाल चिनाउन मद्दत पुग्ने बताउनुभयो ।

देश विकासमा ....

इन । विकासमा ध्यान दिउँ। हामीले एक भएर देश बनाउनुपर्ने छ। मतभेदमा हो इन एकतामा जोड दिउँ ।"

विचारमा विविधता हुनसक्ने भन्दै प्रधानमन्त्री ओलीले देशको विकास गर्ने कुरामा मतभेद नराख्न आग्रह गर्नुभयो । "देशको विकास गर्नुपर्छ । हामी सबै मिलेर विकास गर्ने हो । कोही आएर हाम्रो देश बनाउँदैन ।

देश विकासमा ....

आन्दोलनमा रहेकाले भर्ना अभियान अन्यौलमा परेको हो ।

नयाँ शिक्षा ऐन जारी लगायतका विभिन्न मागहरु राखेर शिक्षकहरु आन्दोलनमा रहेकाले आजबाट सुरु हुने विद्यार्थी भर्ना अभियान अनिश्चित बनेको छ ।

विकास निर्माणमा ....

हुने गरेको अनुमान गर्न सकिने प्रदेश र संघीय सरकारका सम्बन्धित निकायहरुबाट आउने अनुगमनकर्ताहरुको आरोप छ ।

यस जिल्लामा उपभोक्ता समिति मार्फत निर्माण हुने योजनाहरुको भन्दा ठेक्काबाट निर्माण हुने योजनाहरुको गुणस्तर झनै कमजोर हुने गरेको दुनै निवासी एक स्थानीयले बताउनु भयो । उहाँले थप्नु भयो, जिल्ला सदरमुकाम यही दुनैमै सम्बन्धित कार्यालयकै अगाडि रहेका योजनाहरुको गुणस्तर कमजोर देखिएको छ । केही वर्ष अघि कालिका मन्दिरदेखि व्लुशिप माथिपट्टीसम्म बनेको आरसीसी सडक, ठेक्काबाट बनेका पानीका लाइन, उपल्लोदुनै लगायतमा बनेका पानीका ट्यांकी प्रतिनिधि उदाहरण हुन ।

सदरमुकाम दुनै मै बन्ने विकास योजनाहरुको हालत नाजुक रहेको पाइदा डोल्पाका दुरदराजमा बन्ने विकास योजनाहरुको हालत के होला ? यो प्रश्नको प्रस्ट उत्तर सम्बन्धित निकायहरुले कहिले दिन सक्ने

किसानहरु बालिनाली .....

काम सम्पन्न गरिने किसानहरु जनाउनु हुन्छ ।

बैशाखको दोस्रो हप्ता भित्र सबै बालीहरु लगाइ सक्ने गरिन्छ । बाली लगाएर सके पछि बाली जोगाउनका लागि जेठ महिनामा पशुबस्तुहरु लेकतिर लैजाने र बाली पाके पछि मात्रै घरमा ल्याउने गरिन्छ । यस अघि लगाइएका आलु उम्रि सकेका छन् ।

विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बीमा सम्बन्धी सूचना !

आन्तरिक मामिला तथा कानून मन्त्रालय कर्णाली प्रदेश र राष्ट्रिय बीमा कम्पनी बीच भएको सम्झौता बमोजिम कर्णाली प्रदेशमा स्थायी बसोबास भएका र अन्य प्रदेशमा स्थायी बसोबास भई यस प्रदेशमा सरकारी, गैरसरकारी तथा अन्य क्षेत्रमा कार्यरत नेपाली नागरिकको अग्नी, भुकम्प, बाढी, जलमग्न, पहिरो, जमिन धसिने वा भाँसिने, हावाहुरी, महामारी, आगलागी, हिमताल विस्फोटन, ज्वालामुखी विस्फोटन, आँधिबेरी, चट्याङ्, शितलहर, हिउँ, असिना जस्ता प्राकृतिक विपद्का कारण मृत्यू भएमा मृतकको हकवालाले घटना भएको मितिले ३५ दिन भित्र आन्तरिक मामिला तथा कानून मन्त्रालयमा देहाय बमोजिमका कागजात पेश गरी विपद् सामुहिक दुर्घटना बीमाको बीमाङ्क बापतको रकम रु दुईलाख लिनु हुन सर्वसाधरणको जानकारीका लागि अनुरोध छ।

आवश्यक कागजातहरुः

१. मृतकको नेपाली नागरिकता प्रमाणपत्र र नाबालकको हकमा जन्म दर्ताको प्रमाणित प्रतिलिपि
२. मान्यता प्राप्त चिकित्सकद्वारा गरिएको मृतकको पोष्टमार्टम रिपोर्ट.
३. नाता प्रमाणपत्र र मृत्युदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी.
४. सम्बन्धित स्थानीय तहको सिफारिस र घटनास्थल मुचुल्का, सर्जमिन मुचुल्का.
५. हकवालाको नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी.
६. हकवालाको बैङ्क खाताको विवरण (चेकको प्रतिलिपी)।

कर्णाली प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
वीरेन्द्रनगर सुर्खेत

विद्यार्थी भर्ना अभियानमा सबैले योगदान गरौं

- विद्यालयले आ-आफ्नो सेवा क्षेत्रभित्रका अभिभावकलाई टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन तथा सामाजिक सञ्जालवाट सूचना प्रवाह गर्ने,
- अभिभावकविहीन बालबालिकाको अध्ययनमा सहयोग गर्ने व्यक्ति तथा संस्थाको पहिचान र उचित सम्मान गर्ने,
- सामुदायिक सिकाइकेन्द्रहरुले विद्यालयबाहिर रहेका बालबालिकाको लगत संकलन गर्ने,
- सार्वजनिक जीवनका व्यक्तिहरुले विद्यालय उमेर समूहका , सीमान्तकृत समूहका, अपाङ्गता भएका बालबालिकाका लागि विद्यालय भर्नाको पहल गर्ने,
- स्थानीय तहले भर्ना अभियानको नेतृत्व गर्ने ।

सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक/सम्पादक : विष्णुलाल बुढा
व्यवस्थापक : निराकुमारी बस्नेत
कानुनी सल्लाहकार : रामप्रसाद बुढा
सल्लाहकार : आङबहादुर लामा
लालिमान बुढा
सुरेन्द्र ढकाल
रविलाल खत्री
प्रमुख संवाददाता: वीरबहादुर बुढा
मुद्रक : हिमाली सुस्केरा अफसेट प्रेस
ठुलीभेरी नगारपालिका-३ दुनै, डोल्पा
Email : hsuskera@gmail.com
www.himalisuskera.com.np

सम्पादकीय

नयाँ शिक्षा ऐन

शिक्षा ऐन कस्का लागि जारी गर्ने ? खासमा शिक्षा ऐन देशको शैक्षिक विकास तथा शिक्षालाई वर्तमान शासकीय संरचना बमोजिम शिक्षालाई अगाडि बढाउनका लागि सहयोग मिल्ने हो । त्यसैले नेपाल सरकार शिक्षा ऐन जारी गर्नका लागि प्रतिनिधिसभामा विद्यालय शिक्षा विधेयक पेश भएर सो विद्यालय शिक्षा विधेयकमा धेरै संशोधन परे का कारण ती संशोधनमा दफाबार छलफल गरी निष्कर्शमा पुग्नका लागि संसदिय समितिमा पठाइएको र त्यो समितिले पनि उपसमिति गठन गरी अहिले विद्यालय शिक्षा विधेयक माथि निकै गहन रुपमा छलफल गरी सय भन्दा बढि दफामा सहमति भैसकेको जनाइएको छ भने बाँकी ६२, ६३ बुदामा गम्भिर छलफल भैरहेको जनाइएको छ ।

यति बेला शिक्षकहरु शिक्षा ऐन जारी गर भनेर गएको १८ दिन देखि आन्दोलनमा रहेका छन् । संघीय लोकतन्त्रात्मक गणतान्त्रीक शासन प्रणाली संचालनमा रहेको बेला शिक्षालाई व्यवस्थित रुपमा संचालनका लागि यस अघिका सरकारहरुले नै शिक्षा ऐन जारी गर्नु पर्थ्यो, तर पनि शिक्षा ऐन जारी हुन नसके पछि समस्या भैरहेको छ । शिक्षा ऐन शिक्षकहरुका लागि मात्रै हो की जस्तो शिक्षकहरुले शिक्षा ऐ न जारी गराउनका लागि आन्दोलन नै गर्नु पर्ने ? यो एकदमै नराम्रो हो । शिक्षकहरुले पनि अबुझ भए जस्तो गर्नु राम्रो होइन । शिक्षक जस्तो बौद्धिक बर्गले आन्दोलनका क्रममा फेसबुक लगायतका सामाजिक सञ्जालमा बोलेका गरेका र केही शिक्षकले मर्यादा नाघेर लगाएका नारा हेर्दा शिक्षक आन्दोलनलाई भडकाउने गरी घुसपैठ भएको छ की भन्नेमा समेत नेपाल शिक्षक महासंघ नेतृत्व सचेत हुनु आवश्यक छ ।

हो हाम्रो देशको शैक्षिक गुणस्तर विस्तारै खस्कदै गएको सही हो । तर खस्केको नतिजा प्रति शिक्षकहरु जिम्मेवार हुन मानि रहेका छै नन् । सम्बन्धित निकायहरु पनि आ आफ्नो हिस्सा लिन तयार छैनन् । उता शिक्षाका प्रमुख हिस्सेदार विद्यार्थीहरु पनि मेहनत नगरी परी क्षामा पास हुनु पर्ने, अभिभावकहरुलाई पनि आफ्ना बालबालिकाहरुले पठनपाठनमा ध्यान लगाएका छन् की छैनन् समयमा बिचार नगर्ने तर उनीहरुका बालबालिकाले राम्रो नतिजा ल्याउनु पर्ने, राम्रो नतिजा नआए सबै दोष शिक्षकहरुलाई दिने परम्परा निकै नराम्रो हो ।

हो शैक्षिक सुधारका लागि नयाँ शिक्षा नीति आवश्यक छ, नयाँ शिक्षा नीति शिक्षकहरुका लागि होइन देशको शैक्षिक सुधारका लागि आवश्यक हो । अब जारी हुने शिक्षा ऐनले शिक्षकलाई सम्मानित बनाउनु आवश्यक छ, शिक्षकलाई सम्मानित बनाउन संघीय सरकार अन्तर्गत राख्नु पर्छ स्थानीय तह अन्तर्गत राख्नु हुँदैन, निजामति सरह सबै सेवा सुविधा र बढुवाको व्यवस्था हुनु पर्छ, सामुदायिक शिक्षालाई गुणस्तरीय र राम्रो बनाउने हो भने सरकारी कोषबाट पारिश्रमिक खाने र बडा देखि राष्ट्रपतिसम्मका जनप्रतिनिधिहरु र मुलधारका राजनीतिक दलका नेतृत्वहरुका बालबालिका सरकारी तथा सामुदायिक विद्यालयमा पढ्नै पर्ने व्यवस्था हुनु आवश्यक छ । यसका साथै शिक्षा क्षेत्रमा काम गर्ने तल्लो तहदेखि माथिल्लो तहसम्म काम गर्ने कर्मचारीले बोर्डिंग खोल्न दिनु हुँदैन । सबै सोच्नै पर्छ । सबैमा जय होस् ।

प्रतिसरा सायमीका तीन कविता

प्रतिसरा सायमी
रातोपातीबाट

.....
तिम्रो मनमा होला –
बडा आए लट्ठक ! जान्ने केटा !
आफ्नो देश छाडेर जाने
अनि अब
उपदेश झार्दै गर्ने !

के गर्ने आमा ?
व्यापार गरुँ, लगानीलाई रकम पुग्दैन
हाम्रो भोट थाप्नेले
आफ्नो प्रतिज्ञा पूरा गर्दैनन् ।

पेट पाल्न बिदेसिनैपऱ्यो –
के गर्ने आमा !
बिदेसिनु त बाध्यता हो हाम्रो
रहर हैन
नत्र तिम्रो काखमा निदाउन
मलाई मात्र रहर नहोला र आमा ?

सावरका झोलाजस्ता पेट भिरेकाहरू
अजङ्गका ख्याकहरू
हाम्रो ढोका ढकढक्याउन आउन सक्छन् ।

सावधान
मजबुत भएर बस्नु
किनकि तिमी मेरी आमा !
सबै सहिदहरूकी आमा !
नेपाल आमा !

विना थिङका तीन कविता

विना थिङ
रातोपातीबाट

१) ब्ल्याकहोलमा मैच्याङ
चराहरूसँगै बिउँझनु
चराहरूसँगै गीत गाउनु
पानी पँधेरोको म्याराथुन दौडनु
आफ्नो भाग्यलाई जाँतोमा पिँध्नु
अथवा दुःखको ओखल एकहोरो कुटिरहनु
मैच्याङहरूको दैनिकी हो ।

भोको पेटमा मैच्याङहरू
आफ्ना सन्तानलाई स्तनबाट दुध हैन रगत पिलाउँछन्
पुष्ट बनाउँछन् तिनका तिघ्रा
आफू भने सुक्दै सुक्दै जान्छन्
र टाँगिदिन्छन् अस्थिपन्जर वर्षामासको घुममा
जसलाई ओढेर ती रोपाइँ गर्छन् आँसुको
मानौं आँसु दबदबा हिलो हो
आँसु धारिलो पनि छ
ती आँसुले नै घाँस काट्छन्, दाउरा ओसार्छन्
आँसु हत्केला हो
आँसुले नै सोहर्छन् जिन्दगीको भकारो
र सिनित्त पार्छन् मनको बह
सदियौंदेखि तिनीहरूले त्यही आँसुको आदिम लय झिकेर
बजाइरहे डम्फु
गाइरहे सेलो
भरिरहे शरीरको हाट बजार
अनि निरन्तर निरन्तर हिँडिरहे उज्यालोको खोजीमा
आजपर्यन्त ती हिँडिरहे, हिँडिरहे
यतिखेर सोध्न मन लागेको छ
मैच्याङहरूको हस्तरेखामा किन देखिँदैन सम्पन्नताको धर्सो ?
किन देखिँदैन स्पष्ट रूपमा सुखको कुलेसो ?
ती आफ्नै हत्केलामा यसरी टुक्रिएका छन्
मानौं हिँड्दा हिँड्दै छुटिएका छन् आफन्तसँग
र अड्कन पुगेका छन् कतै अक्करे भिरमा .....

खेलकुद

केपी ओली कप उपाधी गण्डकीलाई

सुस्केरा समाचारदाता

कास्की, वैशाख - केपी ओली कप टी-२० राष्ट्रिय खुला पुरुष क्लब स्तरीय क्रिकेट प्रतियोगिताको उपाधि गण्डकी हिरोजले जितेको छ। मदन भण्डारी स्पोर्ट्स एकेडेमीको आयोजनामा पोखरा रंगशाला क्रिकेट मैदान मा शुक्रबार भएको फाइनल खेलमा सिइसी काठमाडौंलाई ५ विकेटले हरा उँदै च्याम्पियन बनेको हो। च्याम्पियन गण्डकीले १० लाख रुपियाँ प्राप्त गर्दा उपविजेता काठमाडौंले पाँच लाख रुपियाँ प्राप्त गरेको छ ।

१ सय ८३ रनको विजयी लक्ष्य पाएको गण्डकीले १७ दशमलव ३ ओभरमा ५ विकेट गुमाउँदै १ सय ८५ रन बनायो। गण्डकीका वसन्त कार्की २७ र नारायण जोशी १३ रनमा नटआउट रहँदै टोलीलाई जित दिलाए ।

त्यसअघि टस जितेर ब्याटिङ थालेको काठमाडौंले १९ दशमलव ४ ओभर मा १ सय ८२ रन बनाउँदै अलआउट हुन पुग्यो। उत्कृष्ट ब्याटर अत्तरि याका विपीन रावल र उत्कृष्ट बलर लुम्बिनीका अजय कुमार चौहान घोषित हुँदै समान २०-२० हजार रुपियाँ प्राप्त गर्नुभयो। विजेता खेलाडीलाई प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले पुरस्कार वितरण गर्नुभयो ।

चैत २३ गतेबाट सुरु भएको प्रतियोगितामा कुल १६ टिमको सहभागिता थियो। बागमतीबाट चार र अन्य प्रदेशबाट दुईदुई क्लबको सहभागिता रहेको थियो ।

खेलकुद नै राष्ट्र र स्वास्थ्यका लागि सिर्जनशील विधा हो ।

कस्तो नेपालको कल्पना गरिदै छ

- तुलानारायण साह

..... संरचनागत समस्याहरूको समाधान खोज्नुभन्दा वल्झाउने तिर हाम्रो राजनीति अग्रसर रहेको बुझ्नुपर्छ । प्रश्न उठ्न सक्छ, नेपालमा पुराना संरचनागत समस्याहरू के थिए ? ती कति सुल्झिँदै र कति बल्झिँदै छन् ?

पुराना नेपालका कुरा

दोस्रो जनआन्दोलनअघिको पुरानो नेपालमा तीन प्रमुख संरचनागत समस्याहरू थिए । निरकुंश राजतन्त्र । केन्द्रीकृत राज्य संरचना । राज्य र राजनीतिमा सीमान्तकृत समुदायको न्यून उपस्थिति । उल्लेखित तीनै समस्याहरूका आफ्नै परिवेश थिए । जटिलताका आफ्नै कारणहरू थिए । समाधानका लागि गोरेटो समातेका उदाहरणहरू पनि छन् । आफ्नै गतिमा पुराना नेपाल भत्किने र नयाँ नेपाल बन्ने क्रम चलिरहेको पनि छ । प्रश्न के हो भने, नयाँ नेपाल बन्ने यात्रामा आजको सरकार, पार्टीहरू र नेतृत्व पंक्तिले कस्तो भूमिका खेल्दै छन् ?

निरकुंश राजतन्त्रको विरुद्धमा अनेकौं आन्दोलन भएको कुरा दोहोऱ्याइर हनु परेन । वामपन्थी आन्दोलनले सपना देखेको र प्रजातन्त्रवादीहरूको साथ पाएर गणतन्त्र स्थापना भएको नेपाली राजनीतिका ताजा अध्याय हुन् । त्यस लडाइँमा प्रशस्त मधेशी, दलित र जनजातिहरूले सहादत दिएका थिए । कसैका लागि गणतन्त्रको स्थापना अन्तिम लक्ष्य थियो । तर सीमान्तकृतहरूका लागि त्यो एउटा बिसौनी मात्र थियो । नेपालमा राजतन्त्र केही निश्चित टेकोहरूमा अडिएको थियो । केन्द्रीकृत राज्य संरचना, हिन्दु धर्म, खसआर्य संस्कृतिको वर्चस्व, खस/नेपाली भाषाको अनिवार्यता, कर्मचारी एवं सुरक्षा निकायमा 'थरघर' को वर्चस्व ।

सरदार भीमबहादुर पाँडेका अनुसार १६१६ साल भाद्र २५ गते द्रव्य शाह गोर्खाका राजा हुँदा विभिन्न ६ थरका गोर्खालीहरूलाई राजकाजका जिम्मेवारी तोकेका थिए । गणेश पाँडे (मन्त्री), नारायण अर्ज्याल (राज गुरु), सर्वेश्वर खनाल (राजपुरोहित), भगीरथ पन्त (सेनापति), केशव बोहरा (भूमि विभाग) र गंगाराम राना मगर (न्याय विभाग) । यिनै ६ थरी का सन्तान दरसन्तानलाई गोरखामा 'थरघर' भनिन्छ ।

त्यस बेलादेखि सुरु भएको राज तन्त्रात्मक शासन प्रणालीलाई शाह वंशका अनेकौं राजाहरूले निरन्तरता दिएका थिए । पृथ्वीनारायण शाहले हिन्दु राष्ट्रको परिकल्पना गरेका थिए । कलान्तरमा जंगबहादुर राणाले १९१० सालमा मुलुकी ऐन बनाएर त्यसलाई कानुनी वैधता दिएका थिए ।

नेपालको संवैधानिक विकासमा गहन अध्ययन गरेकी बेलायती प्राज्ञ मारा मालागोडीका अनुसार मुलुकी ऐनले दुइटा प्रमुख उद्देश्य बोकेको थियो । पहिलो, हिन्दु धर्मअनुसार जातका आधारमा शुद्धताको अवधारणालाई कानुनी वैधता दिने । दोस्रो, नेपालमा राष्ट्र-राज्यको अवधारणा स्थापित गर्ने मुलुकी ऐनले हिन्दु धर्ममा व्याप्त जातीय उचनिचको व्यवहारलाई कानुनमार्फत वैधता दिलाएको थियो । त्यसअनुसार नै राजकाजमा जिम्मा पाउने, राज्यको साधनस्रोतमा भाग पाउने, दण्डसजाय भोग्ने वा मिनाहा पाउने काम भयो । 'राष्ट्र-राज्य' को अवधारणाले देशभित्रको जातीय, सांस्कृतिक, भाषिक एवं धार्मिक विविधतालाई अस्वीकार गर्दै खसआर्यको सांस्कृतिक श्रेष्ठतालाई स्थापित गराएको थियो । डा.हर्क गुरुङका अनुसार सोही व्यवस्थाले नै बाहुन, क्षेत्री, ... (इकान्तिपुरबाट)

संस्कृति, कला, बाल संशार



स्तनपान अमृत पान, यो कसैले नभुलौं, सबै आमाले स्तनपान गराऔं ।

संविधान विरोधी गतिविधि स्वीकार्य छैन

सुस्केरा समाचारदाता

गण्डकी, वैशाख - गृहमन्त्री रमेश लेखकले संविधानविरोधी गतिविधि स्वीकार्य नभएको बताउनुभएको छ ।

गण्डकी प्रदेशस्तरीय सुरक्षा गोष्ठीको आज पोखरामा उद्घाटन गर्दै उहाँले पूर्वराजावादी या अरु कुनै पनि नाममा हुने संविधानविरोधी गतिविधि तथा अस्थिरता निम्त्याउने काम कुनै पनि हालतमा क्षम्य नहुने बताउनुभयो ।

मन्त्री लेखकले बलिदानीपूर्ण सङ्घर्षबाट प्राप्त वर्तमान संविधानको रक्षाका लागि सबै तयार हुनुपर्ने बताउनुभयो। नेपालमा सात दशकको अन्तरालमा सात वटा संविधान बनेको उल्लेख गर्दै उहाँले वर्तमान संविधान संसारकै उन्नत लोकतान्त्रिक संविधान भएकाले यसैमार्फत हरेक समस्याको समाधान सम्भव भएको धारणा राख्नुभयो ।

"संविधानभित्र रही आलोचना, समालोचना तथा विभिन्न गतिविधि गर्न पाइन्छ । संविधानविरोधी गतिविधिका माध्यमबाट हत्याहिंसालाई प्रश्रय दिने, संविधान फाल्छु भन्नेजस्ता अराजक गतिविधि गर्न पाईदैन । गरिएमा कानुनअनुसार कारवाही हुन्छ", मन्त्री लेखकको भनाइ थियो,"संविधानको रक्षा आजको आवश्यकता हो । वर्तमान संविधान निर्माणको १० वर्ष हुँदैछ । यस अवधिको आवश्यक समीक्षासहित सम्बद्ध सबैसँग सहमति कायम गरेर आवश्यकताका आधारमा संशोधन गर्दै थप सुधारको प्रयास गरिने छ ।"

पछिल्ला वर्षमा लागुऔषधको बढ्दो प्रयोग, आत्महत्या, सवारी दुर्घटना, साइबर अपराध, प्राकृतिक विपद् आदि चुनौतीका रूपमा देखापरेकालेयी सबै चुनौतीको समाधान गर्नेतर्फ सरकार निरन्तर क्रियाशील उहाँले बताउनुभयो। साथै, सेवा प्रवाहलाई प्रभावकारी बनाउनु अपरिहार्य भएको उल्लेख गर्दै मन्त्री लेखकले जनतालाई सेवा दिने कुरामा कुनै कसर बाँकी नराख्न आग्रह गर्नुभयो ।

सामान्य ज्ञान २८

१. सरकारले रातो बाँदरलाई पहिलो पटक कृषि हानिकारक वन्यजन्तु घोषणा कहिले गरेको हो ?

☐ विसं २०८१ माघ १०

- विभिन्न सर्तसहित रातो बाँदरलाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरिएको ।

- कृषि हानिकारक वन्यजन्तु निजी खेत, खला, बारीमा आई क्षति पुऱ्याएबिना अनुमति धपाउन, लखेट्न र पक्रन पाइने छ । त्यसक्रममा उक्त जनावर मरे विवरण राखेर स्थानीय तहको रोहबरमा मुचुल्का उठाइ गाड्नसमेत पाइने छ ।

- लखेट्ने वा पक्रने क्रममा मऱ्यो भने त्यस्तो बाँदरको सङ्ख्याको विवरण राख्नुपर्ने गरी सर्त तोकिएको ।

- सरकारले यसअघि जङ्गली बँदेललाई कृषि हानिकारक वन्यजन्तु घोषणा गरेकोमा थप एक वर्षका लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरेको छ । यो सँगै निजी खेत, खला, बारीमा आउने सानो जातको बँदेलबाहेक जङ्गली बँदेललाई बिनाअनुमति धपाउन, लखेट्न, पक्रन वा मार्न पाइने भएको छ । धपाउने, लखेट्ने वा पक्रने क्रममा बँदेल मरे त्यसलाई सम्बन्धित वडाका एकजना प्रतिनिधिसहित स्थानीय पाँच व्यक्तिको रोहबरमा सम्बन्धित वडाभित्र उपयोग गर्न वा गाड्न पाइने छ ।

२. नेपालले आठ हजार मिटर अग्ला आठ हिमालसहित कति वटा हिमाल आरोहणका लागि खुला गरेको छ ?

☐ ४६१

फास्ट ट्याकबाट विद्यालय शिक्षा विधेयक

सुस्केरा समाचारदाता

काठमाडौं, बैशाख - माध्यमिक शिक्षा परीक्षा कक्षा १० को उत्तरपुस्तिका परीक्षण गर्ने एवं कक्षा १२ को परीक्षा सञ्चालन गर्नेजस्ता महत्वपूर्ण कार्य रोकिएपछि सरकारले विद्यालय शिक्षा विधेयक वजेट अधिवेशनमै पारित गर्ने भएको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले शिक्षासम्बन्धी समस्याहरूको सम्बोधन गर्न 'फास्ट ट्र्याक'मार्फत विद्यालय शिक्षा विधेयक ल्याइने स्पष्ट पारेका हुन् । उनले विधेयक पारित गर्न आवश्यक प्रक्रियालाई छोट्याइने र व्यवस्थापिक संसद्को प्रक्रियामा केही परिमार्जन गर्ने गृहकार्य भइसकेको जानकारी दिए ।

सरकारले प्रदर्शनरत शिक्षकहरूका मागलाई उचित रूपमा सम्बोधन गर्ने भन्दै प्रदर्शन रोकेर आफ्नो काममा फर्कन आह्वानसमेत गरेको छ । शिक्षक प्रदर्शनप्रति सरकारको गम्भीर ध्यानाकर्षण भएको र शिक्षकहरूले उठाएका मागहरूको सरकारले यथोचित सम्बोधन गर्ने मन्त्री गुरुङले जानकारी दिए ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै मन्त्री गुरुङले विभिन्न माग राखी नेपाल शिक्षक महासंघको अह्वानमा भइरहेको आन्दोलनमा सरकार संवेदनशील रहेको र मागहरूको यथोचित सम्बोधन गर्ने बताए ।

संघीय संसद्मा विचाराधीन रहेको विद्यालय शिक्षा विधेयक पारित गर्नेसमेतको प्रयोजनका लागि संघीय संसद्को अधिवेशन आह्वान गरको पनि उनले जानकारी दिए ।

हाल शैक्षिक सत्रका महत्वपूर्ण कार्यको संवेदनशीलतालाई मध्यनजर गरी विद्यालय फर्कन शिक्षकहरूलाई मन्त्री गुरुङले आग्रह गरेका छन् ।

राष्ट्रिय मानवअधिकार आयोगले शिक्षकहरूको मागलाई वार्ताबाट समाधान गर्न आग्रह गरेपछि सरकार लाई दबाब पनि पैदा भएको छ । आयोगले शिक्षकको आन्दोलन लम्बिँदै गए एसईई परीक्षाको नतिजा, कक्षा १२ को परीक्षा र बालबालिकाको भर्ना अभियानसमेत प्रभावित हुने देखिएको भन्दै वार्ताबाट समाधान खोज्न भनेको थियो ।

विद्यालयका शिक्षकले आफ्नो वृत्तिविकासका साथै संस्थागत हक हितका लागि माग राखेका छन् । विचार व्यक्त गर्नु, शान्तिपूर्ण प्रदर्शन गर्नु मानवअधिकारको मूल्य मान्यता अनुकूल नै हुने भन्दै आयोगले आफ्ना माग सम्बोधन गराउन आन्दोलन नै गर्नुपर्ने वातावरणको सिर्जना हुनु चिन्ताको विषय भएको उल्लेख गरेको छ ।

नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले शिक्षकका समस्याप्रति सरकार संवेदनशील रहेको बताउँदै 'फास्ट ट्र्याक' अपनाएर विधेयक पास गर्ने सरकारको तयारी रहेको जानकारी दिए । शिक्षा क्षेत्रमा थुप्रै समस्या छन्, त्यसको व्यवस्थापन गर्न 'फास्ट ट्र्याक'मार्फत विधेयक पास गर्ने तयारीमा रहेको मन्त्री गुरुङको भनाइ थियो ।

उहाँले विधेयक छिटो पारित गर्न सरकारका तर्फबाट आवश्यक समन्वय र सहजीकरण गर्ने विश्वास दिलाइएको पनि जानकारी दिनुभयो ।

विद्यार्थी र अभिभावकको हितलाई मध्यनजर गरी शिक्षकहरूलाई आ-आफ्नो काममा फर्किन आह्वान गर्ने र सोका लागि आवश्यक वातावरण बनाउन नेपाल शिक्षक महासंघलाई अनुरोध गरेको मन्त्री गुरुङले जानकारी दिए ।

मन्त्रिपरिषद्को निर्णय सार्वजनिक गर्दै मन्त्री गुरुङले नेपाल राष्ट्र बैंकमा गभर्नर नियुक्ति गर्न सरकारले छलफल चलाएकाले चाँडै गभर्नर नियुक्ति हुने विश्वास दिलाए । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र प्रधानमन्त्री केपी शर्मा ओलीबीच गभर्नर नियुक्तिका 'दयगतमा वार्ता भइसकेको र छिट्टै नियुक्ति गरिनेसमेत उनले स्पष्ट पारे ।

सरकारले यही ९ देखि १५ वैशाखसम्म चीनको कुनमिङमा आयोजना हुने ५६ औं इसिमोडको गभर्नर बैठकमा र राष्ट्रिय योजना आयोगका उपाध्यक्ष प्राडा शिवराज अधिकारीलाई सहभागी हुन स्वीकृति दिएको छ ।

विश्व बैंकको वित्तीय सहयोगमा सञ्चालन हुन लागेको रानी जमरा कुलरिया सिँचाइ आयोजना तेस्रो चरणका लागि १ सय ३७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण लिनका लागि सैद्धान्तिक सहमति दिने एवं ऋणसम्बन्धी वित्तीय सम्झौता र आयोजना दस्तावेजलाई अन्तिम रूप दिन नेपाल सरकारका तर्फबाट अर्थ मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने सरकारको निर्णय छ ।

त्यसैगरी, साना सिँचाइ कार्यक्रमका लागि स्वीट्जरल्यान्ड सरकारबाट प्राप्त हुने थप अनुदान सहायता १८ लाख ८ हजार स्वीस फ्र्यांक प्राप्त गर्ने सरकारले निर्णय गरेको छ । यही ५ देखि ११ वैशाखसम्म कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्मालाई भारत भ्रमणका लागि स्वीकृति दिएको छ ।

सशस्त्र प्रहरी बल नेपालअन्तर्गतका बोर्डर आउटपोस्ट, गुल्म तथा विपद् व्यवस्थापन वेशसमेतका १३ कार्यालयका लागि जग्गा प्राप्ति गर्न स्वीकृति दिइएको छ । सरकारले नेपाली सेनातर्फ दुई जना प्रमुख सेनानी लाई महासेनानी दर्जामा बढुवा गर्ने र तीन जना सहायक रथीको सरुवा गर्ने पनि निर्णय गरेको छ । आगामी १२ देखि १५ जेठसम्म बेलायतको ब्रिटिस गोर्खा वेलफेयर ट्रस्ट (जीडब्लूटी)द्वारा सञ्चालित कल्याणकारी कार्यक्रमको अवलोकन भ्रमण तथा बेलायतका उच्च पदाधिकारीसँग हुने शिष्टाचार भेटमा सहभागी हुन रक्षा मन्त्रालयका सचिव रामेश्वर दंगाललाई सरकारले स्वीकृति दिएको छ ।

दैलेखको दुल्लुस्थित नेपाली सेनाको कालीदत्त गुल्मले साविकदेखि प्रयोग गर्दै आएको जग्गा प्राप्ति गर्न स्वीकृति दिइएको मन्त्री गुरुङले बताउनु भयो ।

भूकम्पबाट हुने क्षतिप्रति सचेत रहौं

भूकम्पले

- घर, पुल तथा अन्य संरचना भत्कना सक्दछ ।
- विधुत तथा टेलिफोन सेवा अवरोध हुन सक्छ ।
- बाढि पहिरो तथा आगलागिको जोखिम भई धनजनको क्षति हुन सक्दछ ।

त्यसैले

- घर, पुल तथा अन्य संरचना बनाउदा भूकम्प प्रतिरोधि बनाऔं ।
- घर वरिपरि तथा सार्वजनिक स्थललाई खुल्ला राखौं ।
- भूकम्प गएमा खुल्ला र सुरक्षित स्थानमा जाऔं ।

त्रिपुरासुन्दरी नगरपालिका, डोल्पा

९८७-५१००६१
९१४८७०१२०
ito.chharkatangsong.gov.np@gmail.com
info@chharkatangsongmun.gov.np

छार्का ताङसोङ गाउँपालिका
ཚྭར་ཀཱ་སྟེང་སོང་གྲོང་སྡེ་ཚན།
Chharka Tangsong Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
कागकोट, डोल्पा
कर्णाली प्रदेश, नेपाल

सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन हुने सम्बन्धी सूचना।

मिति-२०८२/०१/०५
ने.स. ११४५ चौलागा पञ्चमी

योजना तर्जुमा, विकास निर्माणमा सुधार तथा सेवा प्रवाहलाई पारदर्शी, गुणस्तरिय र प्रभावकारी बनाउँदै सुशासन कायम गर्न यस छार्का ताङसोङ गाउँपालिकाद्वारा हाल सम्म सम्पादित वार्षिक कार्यक्रम र विकास आयोजना, प्राकृतिक स्रोतहरु संरक्षण, आर्थिक विकास, सामाजिक विकास एवं सेवा प्रवाह लगायतका विषयमा सरोकारवाला तथा गाउँपालिकावासीहरुको जिज्ञासा, गुनासा, प्रतिक्रिया तथा सुझाव लिनका लागि देहायको मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिने भएकोले उक्त कार्यक्रममा उपस्थित भई सेवा प्रवाह, विकास निर्माण लगायतका विषयमा आफ्नो गुनासा राख्नुहुन तथा गाउँपालिकालाई सल्लाह, सुझाव दिनुहुन सरोकारवाला तथा गाउँपालिकावासी सम्पूर्ण महानुभावहरुमा गाउँपालिका हार्दिक अपिल गर्दछ ।

सार्वजनिक सुनुवाई सम्बन्धी कार्यक्रम
मितिः २०८२ बैशाख १९ गते ।
नेपाल सम्वत ११४५ बछुलाख्य पञ्चमी ।
समयः बिहान ८:०० बजे ।
स्थानः छार्का ताङसोङ गाउँ कार्यपालिकाको कार्यालय प्राङ्गण, कागकोट, डोल्पा ।

अमरराज सेजुवाल
प्रमुख प्रशासकीय अधिकृत

सार्वजनिक सेवा प्रवाह

- तारा वाग्ले

राज्यका हरेक गतिविधिको नियमित रूपमा प्रभावकारी तवरले सञ्चालन गर्दै आमनागरिकका अपेक्षा साकार पार्ने संयन्त्र हो प्रशासन । राज्य सञ्चालनको मेरुदण्ड र जनताको अभिभावक प्रशासनले राजनीतिसँग होस्टेमा हैँसे मिलाउँदै नागरिकलाई निर्बाध रूपले गुणस्तरीय सेवा दिनु पर्छ। यही नै हरेक राज्यको धर्म कर्तव्य र जिम्मेवारी हो। राज्य सञ्चालन गने प्रशासनिक संयन्त्र चुस्त, पारदर्शी, नतिजामुखी तथा जनमुखी हुनु पर्छ तर शासनव्यवस्थाको साध्य र साधन दुवै मानिएको प्रशासन समस्याबाट मुक्त हुन भने सकेको छैन। हाम्रो सरकारी प्रशासनले प्रवाह गर्ने सार्वजनिक सेवामा ढिलासुस्ती, हैरानी, नातावाद, कृपावाद, अनियमितता, भ्रष्टाचार हुने गरेको सेवाग्राहीको गुनासो सुनिन्छ। सेवामा पारदर्शिताको अभाव हुने गरेको आरोप लगाइन्छ।

प्रशासक तथा राजनीतिज्ञबिच प्रशासनलाई सक्षम र नतिजामुखी कसरी बनाउने भन्ने बहस भने सात दशकदेखि भइरहेको छ। निजामती सेवालाई जनमुखी बनाउने, प्रशासनलाई नतिजामुखी बनाउने, प्रशासनमा व्याप्त पुरानो सोच तथा संरचनामा सुधार गर्ने, सेवा प्रवाहलाई सरल, सहज, चुस्त, पारदर्शी तथा प्रभावकारी बनाउने जस्ता विषयमा बहस केन्द्रित गरिन्छ। सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन तथा प्रशासनका समग्र पक्षमा सुधार ल्याउन नेपालमा विभिन्न प्रशासन सुधार समितिमार्फत सुधारका प्रयास भएका छन् तर ती प्रयासले मूर्त रूप नपाउँदा प्रशासन र कर्मचारीतन्त्रभित्रका समस्या भने जस्ताको तस्तै छन्। आयोग तथा समितिले सुधारका क्षेत्र पहिल्याएर सुझाव पनि दिन्छन् तर ती सुझाव सरकारी अभिलेखमा लिपिबद्ध हुन्छन् अनि कार्यालयका स्टोरमै थन्किन्छन्। सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि गर्दै समग्र प्रशासनको सुधार गर्न नेपालको संविधान, निजामती सेवा ऐन तथा नियमावली, सुशासन (व्यवस्थापन तथा सञ्चालन ऐन) तथा नियमावली, भ्रष्टाचार निवारण ऐन, सूचनाको हकसम्बन्धी ऐन तथा नियमावली, स्थानीय सरकार सञ्चालन ऐनलगायतका ऐन तथा नियम कार्यान्वयनमा छन्। नेपालको संविधानले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्ने लक्ष्य राखेको छ।

सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा सुशासनप्रति प्रतिबद्ध रहँदै सेवा प्रवाहमा सुधार गर्ने व्यवस्था गरेको छ। नीति तथा कार्यक्रमको बुँदा नम्बर १२ मा सरकारले लिएका भ्रष्टाचार नियन्त्रण, सुशासन एवं सार्वजनिक खर्चमा मितव्ययितासम्बन्धी नीतिको कार्यान्वयनबाट सुशासन र सेवा प्रवाहमा सकारात्मक प्रभाव देखिएको उल्लेख छ। तिनै तहबाट प्रवाह हुने सेवाको न्यूनतम मापदण्ड निर्धारण गरी कार्यान्वयनमा ल्याइने, सङ्घीय निजामती सेवा कानुन यथा शीघ्र कार्यान्वयनमा ल्याई निजामती प्रशासनलाई चुस्त, परिणाममुखी र व्यावसायिक बनाइने तथा प्रदेश निजामती सेवा र स्थानीय सेवालाई व्यवस्थित बनाइनेलगायतका विषय नीति तथा कार्यक्रममा समेटिएका छन्।

मुलुकी प्रशासनले आलोचना खेप्न नपरोस् र सेवाग्राहीलाई पारदर्शी ढङ्गबाट सम्मानका साथ गुणस्तरीय एवं प्रभावकारी सेवा कसरी दिन सकिन्छ भनेर सुझाव सङ्कलन गरी कार्यावयन गर्न विसं २००९ सालमा एनएम वुचको अध्यक्षतामा प्रशासकीय पुनर्गठन समिति, २०१३ सालमा तत्कालीन प्रधानमन्त्री टङ्कप्रसाद आचार्यको अध्यक्षतामा प्रशासकीय पुनर्गठन योजना आयोग, २०२५ मा वेदानन्द झा, २०३२ मा भेषबहादुर थापा र २०४८ मा गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा गरी पाँच वटा प्रशासन सुधार आयोग गठन भइसकेका छन्। त्यस्तै २०७० सालमा प्रशासकीय अदालतका अध्यक्ष काशीराज दाहालको अध्यक्षतामा गठित उच्चस्तरीय प्रशासन सुधार समितिले पनि सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन विभिन्न सुझाव दिएको थियो। सोही समिति आज पनि उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिका रूपमा सक्रिय छ।

सेवा प्रवाहमा देखिएका समस्या केलाएर सुधारको मार्ग प्रशस्त गर्नकै लागि लागि 'बुच कमिसन' को प्रतिवेदन हुँदै उच्चस्तरीय प्रशासन सुधार कार्यान्वयन तथा अनुगमन समितिको प्रतिवेदन कार्यान्वयनमा गएका छन्। 'बुच कमिसन' को प्रतिवेदनले लोक सेवा आयोगको गठन गर्ने, मन्त्रालयको सङ्ख्या १७ बाट ११ गराउने, भ्रष्टाचार विरुद्ध जाँचबुझ गर्ने व्यवस्था गने, निजामती प्रशासन र आर्थिक प्रशासनसम्बन्धी कानुन तर्जुमा गने, निजामती सेवाको वर्गीकरण गर्ने, कर्मचारीको तह घटाउने, कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, हाजिरी गोश्वारा र अड्डा जाँच कार्यालय खारेज गर्नेलगायतका सुझाव प्रस्तुत गरेको थियो। प्रशासनिक पुनर्गठन योजना आयोगले मुख्य गरी निजामती सेवा ऐन, भ्रष्टाचार निवारण ऐन, योजनाबद्ध विकासको सुरुवात, चालु र विकास बजेटको वर्गीकरण गर्ने, लोक सेवा आयोगको सुदृढीकरण गर्ने, लोक सेवा आयोगको सिफारिसमा मात्र कर्मचारी नियुक्ति गर्ने, प्रशासनको परिवर्तन एवं सुधारका लागि एउटा स्थायी प्रकृतिको सङ्गठन तथा व्यवस्थापन एकाइको स्थापना गर्ने, कर्मचारीको तलबमान निर्धारण गर्ने, कर्मचारीको क्षमता अभिवृद्धि गर्न राष्ट्रियस्तरमा प्रशिक्षण केन्द्रको स्थापना गर्ने लगायतका सुझाव पेस गरेको थियो।

यसै गरी प्रशासन सुधार आयोग, २०२५ ले निजामती सेवामा पद वर्गीकरण गर्ने, प्रशासकीय अदालतको स्थापना गर्ने, कर्मचारीको आचारसंहिता बनाउने, एकीकृत निजामती सेवाको गठन गर्ने, स्टाफ कलेजको स्थापना, कार्यक्रम बजेट प्रणाली सुरु गर्ने, निजामती पदमा राजनीतिक नियुक्ति नगर्ने, कर्मचारीलाई राजनीति बाट अलग गर्ने, कर्मचारीलाई दिइने विभागीय सजायमा ..(गोपबाट)



कर्णाली प्रदेश सरकार
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय
दुनै, डोल्पा
csidbdolpa@gmail.com

प.सं.२०८१/०८२
च.नं. २२८

मिती:२०८२।१।२

सुचना सुचना सुचना

विषयः जो जससंग सम्बिन्धत छ।

प्रस्तुत विषयमा [illegible] न.पा./गा.पा. वडा नं ६ डोल्पामा संचालन गर्ने गरी यस कार्यालयमा दर्ता रहेको दर्ता नं. १६३६/०८२/०८६ को कन्चन विरमता [illegible] फर्म को प्रो. विरमता [illegible] ले उक्त फर्म खारेज गरिपाउँ भनि मिति २०८२।१।२ वडा नं ६ गते यस कार्यालयमा निवेदन दिनु भएको हुदा उक्त फर्महरुले कुनै बैंक कार्यालय स्थानिय निकाय सहकारी वित्तिय संस्थाहरु र व्यक्तिहरुले कुनै आर्थिक कारोवार वा लिनुदिनु केही भएमा दर्ता खारेजी रोक्काको लागी निवेदनको सुचना प्रकाशन भएको ३५ दिनभित्र रोक्काको लागी यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ।साथै समयमै निवेदन पर्न नआएमा व्यापार व्यवसाय ऐन र नियमावली बमोजिम उक्त फर्म उद्योग दर्ता खारेज भई जाने व्यहोरा गराइन्छ।

०८२।०१।०२
खिम प्रकाश शाह
कार्यालय प्रमुख (शाखा अधिकृत)

अराजक शान्तिपुर्ण आन्दोलन

- प्राडा शान्तिकृष्ण अधिकारी

..... गाडीको पछाडि आउन र वातावरण उत्तेजक बनाउन पूर्णरूपेण उद्यत देखिन्छन् । त्यहींबाट प्रहरीमाथि ढुङ्गा बर्साइन्छ र आन्दोलन क्षेत्रको वातावरण बिग्रन पुग्छ ।

यी सबै कर्तुतका जिम्मेवार को को त ? अबको प्रश्न यही नै हो । तोडफोड भएका सबै घर र मृतक तथा घाइते का लागि क्षतिपूर्ति कसले दिने ? के यसमा कुनै भूमिका नभएका सोझा जनताले तिरेको करबाट दिने ? यसो गर्नु सरासर गलत हुन्छ । उनीहरूले क्षतिपूर्ति पाउनै पर्छ तर त्यो क्षतिपूर्ति आन्दोलन आह्वानकर्ताकै सम्पत्तिबाट दिने परम्पराको थालनी हुनु पर्छ । जनता भड्काएर आफू दुलोभित्र पस्ने र सोझा जनतालाई मारमा पार्ने सबै लाई कारबाहीको दायरमा ल्याउनु पर्छ । बुढेसकालमा प्रधानमन्त्री बन्न पाइहालिन्छ कि भनेर सपना देखेका नवराज सुवेदीहरूसम्म मात्रै होइन कि अनुसन्धान गरी कहाँसम्म पुग्नुपर्ने हो त्यहींसम्म पुग्नु पर्छ ।

आन्दोलनको एउटा सीमा हुन्छ । विसं २०४६ र २०६२/६३ का जन आन्दोलनमा तीनकुनेमा जम्मा भएका भन्दा दसगुणा बढी आन्दोलनकारी एकैठाउँमा जम्मा हुन्थे । प्रहरी त के सेना आउँदा समेत नडराइकन मैदान मा डटेर बसेका हुन्थे तर एम्बुलेन्स आउने बित्तिकै न कसैले अनुरोध गर्नु पर्दथ्यो, न बल प्रयोगको नै आवश्यकता हुन्थ्यो, आफैं बाटो छाड्दथे । दुध बोकेका गाडी, खानेपानी ओसार्ने साधन जस्ता अति आवश्यकीय साधनलाई कुनै रोकतोक हुँदै नथ्यो, दमकलको त कुरै गर्न परेन । राजावादी भनिएकाहरूको समूहले भने दनदनी आगो लागिरहेको घर मा जान लागेको दमकललाई समेत बाटो प्रशस्त गरेनन् । घर ध्वस्त भयो र त्यहींभित्र एक जना पत्रकार को ज्यान गयो । यसैलाई नै आन्दोलनको सफलता ठानिएको छ भने यो भन्दा आततायी व्यवहार अरू कुनै हुन सक्दैन ।

जनताका अधिकार प्राप्तिका लागि आन्दोलन हुन्छन् । विश्वमा भएका आन्दोलन अध्ययन गर्ने हो भने जनता सार्वभौम हुनका लागि सडकमा निस्कन्छन् । आफूसँग भएको अधिकार कुनै एक व्यक्तिमा सुम्पने उद्देश्य राखेर आन्दोलन भएको सायद आजसम्म कतै छैन । नेपाल भने अचम्मको देश छ-सहिदहरूको बलिदानीपूर्ण सङ्घर्षबाट जनतामा आएको सार्वभौमिकता पुनः वंशीय परम्परामा सुम्पन का लागि सडकमा मर्न मार्न उत्रने जनता भएको देश नेपाल नै बनेको छ । पञ्चायतकालको कठोर शासन व्यवस्था नदेखेकाहरूले पनि विसं २०६१ को ज्ञानेन्द्रको शासन त देखेकै थिए तर तिनै फेरि श्रीपेच फर्काउन सडकमा उत्रिनुलाई दिने उपमा केही होला जस्तो लाग्दैन ।

राजाको शासनले गर्ने भनेको जनता का स्वतन्त्रतामाथि पहिलो प्रहार गरेको हो । विसं २०६१ मा शेरबहादुर देउवाको सत्तालाई अक्षम घोषित गरेर आफ्ना हातमा शासन लिएपछि तत्कालीन राजा ज्ञानेन्द्रबाट भएको पहिलो काम भनेको सम्पूर्ण सञ्चार माध्यममाथिको नियन्त्रण थियो । चलेका सबै मिडियामा सेना खटाएर नियन्त्रित सूचना मात्रै प्रवाह गर्न लगाइएको थियो । जनता सुसूचित भए भने र वाक् स्वतन्त्रता कायम नै रह्यो भने निरङ्कुश शासन सञ्चालन गर्न सकिँदैन भन्ने ज्ञान तानाशामा मात्रै हुन्छ । अहिलेको तीनकुनेको आन्दोलनको प्रथम प्रहारको सूचीमा कान्तिपुर मिडिया र अन्नपूर्ण पोस्टको कार्यालयमा ढुङ्गामुढा हुनुले त्यसैलाई पुष्टि गर्छ । त्यति मात्रै होइन, हिमालय टेलिभिजनको गाडीभित्रका पत्रकारलाई ओर्लनै नदिई तोडफोड गरिएको छ ।

राजावादीले सत्तामा हुँदा र आन्दोलन दुवैमा आतङ्क मच्चाए । यो आन्दोलन राजनीतिक उद्देश्यका लागि नभई लुटपाट, आतङ्का लागि भन्ने गृह मन्त्रालयको दाबीलाई राजावादीकै क्रियाकलापले सत्य साबित गरिदिएको छ । यस्ता अराजक कदमलाई दमन त गर्नै पर्छ तर दमन मात्रै समाधान होइन भन्ने पनि बुझ्न सक्नु पर्छ । सानै सङ्ख्यामा भए पनि जनता आफ्नै खुट्टामा आफैं बञ्चरो हान्न किन तयार भए भन्नेतिर सरकारको ध्यान जान आवश्यक छ । कुन नारालाई बेचेर सद्दे आलुलाई खराब भन्दै कुहिएको आलु बेच्न राजनीतिक व्यापारी सफल भएका छन् । आकलन गरी त्यसलाई निस्तेज पार्न लोकतन्त्रवादको दुहाइ दिनेहरू सफल हुनै पर्छ ।

कुरा सोझै छ । लोकतन्त्रमा देखिएका केही विकृतिका बाछिटालाई राजावादीले उछ्यालेका छन् । विकृतिका मुहान बन्द गर्नुको सट्टा त्यही मुहानलाई प्राथमिकतामा राख्दा जनमानसमा वितृष्णाले ठाउँ लिएको छ । सत्ताको केन्द्रमा भ्रष्टाचारका आरोपी नदेखिने हो भने यस्ता आन्दोलन त्यसै सेलाएर जान्छन् । समानुपातिक र आरक्षणका सिटमा चुनाव हारेका, आफन्त आदिलाई दिइने गरेको मौकालाई अन्त्य गरिदिने हो भने लोकतन्त्रप्रतिको उत्साह यसै बढेर जान्छ । छोराछोरी, सालासाली, भतिजभतिजी, श्रीमती, भान्जाभान्जी आदि नातेदारलाई योग्यताको कसी मिच्दै दिइएका राजनीतिक नियुक्ति आजैदेखि सच्याउन थाल्ने हो भने लोकतन्त्रका विरुद्ध आवाज उठाउनेहरू आफैं दुलोभित्र पस्न थाल्नेमा कुनै शङ्का छैन ।

साभार: गोरखापत्रअनलाइन

धुम्रपान मध्यपानले लिन्छ ज्यान

होसियार, होसियार धुम्रपान र मध्यपानले लिन्छ ज्यान । त्यसैले सुर्तिजन्य पदार्थ, तथा मध्यपान सेवन गरेर आफ्नो ज्यान जोखिममा पार्ने मात्र होइन समाजलाई पनि बर्वाद पार्नबाट जोगाउन आफूले धुम्रपान र मध्यपान सेवन नगरौं र गरेको भए पनि आजैदेखि त्यागौं ।

स्वास्थ्य सेवा कार्यालय
दुनै, डोल्पा

स्तनपानः बालबालिकालाई बरदान

आमाको दुध बालबालिकाका लागि अमृत समान हुन्छ । त्यसैले,

- स्वास्थ्यकर्मीहरुले आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु सिफारिस गर्नु हुँदैन,
- आमाको दुधको विकल्पमा बट्टाको दुध, दूधदानी जस्ता वस्तुको प्रबर्द्धन गर्नु हुँदैन,
- त्यस्ता वस्तुको उत्पादक वा वितरकबाट कुनै पनि किसिमको नमूना लिने तथा आर्थिक वा भौतिक उपहार लिनु हुँदैन ।

त्यस्तो कार्य गरेको पाईएमा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (विक्रि वितरण नियन्त्रण) एने, २०४९ अनुसार कारवाही हुनेछ ।

काइके गाउँपालिका, डोल्पा

सूचना । सूचना ॥ सूचना ॥।

सुख्खाको समयमा हावाहुरि, आगलागिका कारण हुने क्षेतिलाई न्यूनिकरण गर्नका लागि सबै जना सचेत हुनु आवश्यक छ ।
त्यसैले सबै जना सचेत बनौ ।
आगोलागि हुन नदिनका लागि जथाभावी आगो नबालौं,
बाले पनि राम्रोसँग निभाऔं ।

जगदुल्ला गाउँपालिका, डोल्पा

भूकम्पको जोखिमबाट सुरक्षित बनौं

- भूकम्प जाँदा कमजोर संरचनाका कारण बढि क्षति हुन्छ ।
- घर जस्ता संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधि बनाऔं।
- प्राविधिकको सल्लाह लिएर मात्र घर बनाऔं ।
- भूकम्पबाट सुरक्षित रहन आवश्यक पूर्व तयारी गरौं ।
- भूकम्प जाँदा आत्तिएर जथाभावि भाग्ने र दौडने नगरौं ।
- धैर्यतापूर्वक वाहिर खुला तथा सुरक्षित स्थानमा जाऔं ।
- भूकम्पमा अप्ठेरो परेकालाई सहयोग गरौं ।

शे फोक्सुण्डो गाउँपालिका, डोल्पा

यसरी टुंगिन्छ विद्यालय शिक्षा विधेयक

- सूर्यप्रसाद पाण्डे

काठमाडौं, वैशाख - संसदीय समितिमा छलफलका क्रममा रहेको विद्यालय शिक्षासम्बन्धी विधेयक, २०८१ लाई टुङ्गयाउन समितिका सदस्यले तीव्र गतिमा काम अघि बढाएका छन् । तत्काल शिक्षा ऐन ल्याउनुपर्ने माग गर्दै शिक्षकले सडक आन्दोलनला ई निरन्तरता दिएपछि समितिका सदस्यले छलफललाई तीव्रता दिएका हुन् तर अहिलेको शिक्षा ऐन कुनै एक विषयसँग मात्रै सम्बन्धित नभएकाले बजारमा माग गरिए जसरी छिटो ल्याउन कठिन छ ।

उक्त विधेयक तत्कालीन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोक र ाईले २०८० भदौ २७ गते प्रतिनिधि सभामा पेस गर्नुभएको थियो । विधे यकमाथि सांसदहरूबाट एक हजार ७५८ वटा संशोधन परेको छ । धेरै संशोधन प्रस्ताव परेकाले विधेयकलाई प्रतिनिधि सभाले थप छलफलका लागि भन्दै संसदीय समितिमा पठाएको थियो ।

समितिले विधेयकमा भएका व्यवस्थाका सम्बन्धमा सरोकारवाला, विज्ञ तथा प्रादेशिक रूपमा समेत छलफल गरिसकेको छ । समितिले एकसरो छलफल सकेपछि विवा दित विषयमा अध्ययन गरेर प्रतिवे दन बुझाउन गत चैत ८ गते नेपाल कम्युनिस्ट पार्टी (एमाले) का सांसद छविलाल विश्वकर्माको संयोजकत्वमा ११ सदस्यीय उक्त उपसमिति गठन गरेको थियो ।

अहिले हरेक दिन दिनभरजसो सोही उपसमितिले छलफल गरिरहेको छ । शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सचिव दशरथ धमलाका अनुसार उपसमितिले विधेयकमा रहे का १६३ वटा दफामध्ये ९६ वटामा छलफल गरिसकेको छ । जसमध्ये बिहीबारसम्म ७६ वटा दफामा सहमति जुटिसकेको छ । २० वटा छलफलकै क्रममा छ । विधेयकमा सर्वाधिक चासो रहेको निजी विद्यालय सञ्चालन र शिक्षकसँग सम्बन्धित दफामा पनि छलफल सुरु भएको छ । उपसमितिलाई ३५ दिनको समय दिइएको छ तर उपसमितिले चैत १८ गतेदेखि छलफल सुरु गरेकाले सोही दिनदेखि मात्रै समयावधि गणना हुने छ ।

छलफलको प्रक्रिया

विधेयकमा भएको व्यवस्थामाथि छलफलका लागि हरेक दिन शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री, शिक्षा सचिव तथा मन्त्रालयका सम्बन्धित महाशाखाका सहसचिव तथा कर्मचारी र कानुन मन्त्रालयका उपसचिव पनि सहभागी हुने गरेका छन् ।

आवश्यकता अनुसार विधेयकमा भएका व्यवस्थासँग सम्बन्धित विषय मा राय सुझाव लिन विज्ञलाई पनि बोलाउने गरिएको समितिका सचिव धमलाले बताउनुभयो । विधेयकमाथि हरेक दिन दफावार छलफल गर्दा सुरुमा समिति सदस्यलाई विधेयकको प्रस्तावित व्यवस्था पढेर सुनाइन्छ । त्यसपछि समितिले विगतमा प्रदे शगत छलफलबाट आएका सुझाव र सांसदबाट आएको संशोधन प्रस्तावबारे उपसमितिका सदस्यलाई जानकारी गराइन्छ ।

सम्बन्धित दफामा उल्लेख भएको विषयसँग सम्बन्धित विषयमा संसदीय समितिमा सर्वसाधारण तथा यस क्षे त्रका अन्य व्यक्तिबाट कुनै सुझाव वा निवेदन प्राप्त भएको छ भने सोबारे पनि जानकारी गराइन्छ । त्यसपछि आवश्यकता अनुसार विज्ञको राय लिइन्छ र उपसमितिका सदस्यबिच छलफल गरेर टुङ्गयाइन्छ ।

सचिव धमलाले भन्नुभयो, "कुनै दफाका लागि दुई/तीन घण्टा पनि लाग्न सक्छ । यी सबै प्रक्रिया पूरा गरेर टुङ्गयाउँदा अहिले बजारमा तत्काल शिक्षा ऐन चाहियो भनेर माग गरिए जसरी ल्याउन कठिन छ ।"

सबै दफामा छलफल गरेर उपसमितिले अन्तिम प्रतिवेदन मूल समितिसमक्ष पेस गर्छ । समितिले फेरि उपसमितिले पेस गरेको प्रतिवेदन अध्ययनका लागि समितिका सदस्यलाई वितरण गर्छ । अध्ययनको समयसीमा परिस्थिति र आवश्यकता अनुसार तोकिन्छ ।

समितिका सदस्यले अध्ययन गरिसके पछि फेरि छलफल गरिन्छ र सबै दफ(ामा छलफल सकेपछि अन्तिम प्रतिवे दन तयार पारेर प्रतिनिधि सभामा पेस गरिन्छ । प्रतिनिधि सभामा पेस गरे पछि फेरि अध्ययनको समय तोकेर सभाका सदस्यलाई उक्त प्रतिवेदन वितरण गरिन्छ ।

"संसदीय समितिमा जसरी छलफल गरिएको थियो, त्यही शैलीमा प्रतिनिधि सभामा पनि छलफल गरेपछि मात्रै टुङ्गयाइन्छ । प्रतिनिधि सभाले पारित गरेपछि उक्त विधेयक फेरि राष्ट्रिय सभामा पठाइन्छ ।"

राष्ट्रिय सभाले पनि प्रतिनिधि सभाकै शैलीमा आफ्ना सदस्यलाई अध्ययनका लागि वितरण गर्ने, त्यसपछि संशो धनको समय तोक्ने, संशोधन प्रस्तावमाथि छलफल गर्नेलगायतका प्रक्रिया पूरा गरिन्छ ।

त्यहाँ पनि धेरै संशोधन प्रस्ताव प- यो भने प्रतिनिधि सभाले शिक्षा समितिमा पठाए जसरी नै राष्ट्रिय सभा अन्तर्गतको विधायन समितिमा पठाइन्छ र शिक्षा समितिकै शैलीमा छलफल अघि बढाइन्छ । धेरै संशो धन परेन भने राष्ट्रिय सभामै छलफल गरेर टुङ्गयाइन्छ । (गोपवाट साभार)

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपंन्छी विकास निर्देशनालय
पशु अस्पताल तथा पशु सेवा कार्यालय
दुनै, डोल्पा

प्रस्ताव आव्हानको सुचना ।
प्रथम पटक प्रकासित मिति- २०८१/१२/३१

यस पशु अस्पताल तथा पशु सेवा कार्यालय डोल्पाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रम संचालन गर्नपर्ने भएकोले डोल्पा जिल्ला शे फोक्सुण्डो गाउ पालिका वडा नं ३ भित्र च्यांग्रा पालन व्यवसाय गरेका इच्छुक कृषक समुह, सहकारी संस्था, व्यवसायिक फर्म/कम्पनी/उद्यमी/ व्यावसायिहरुले यो सुचना प्रकाशित भएको मितिले २१ दिन भित्र र अन्तिम दिन सार्वजानिक विदा पर्न गएमा सो को भोली पल्ट कार्यालय समयमा तपसिल अनुसारका कागजात संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धि थप जानकारीको लागी Website-www.vethosdolpa.gov.np मा हेर्न हुन वा कार्यालयको फोन नं ०८७५००५२ र सम्पर्क व्यक्ति श्री अकल बहादुर सेजुवाल मोबाइल नं ९८५८३६६२५२ मा सम्पर्क गर्न सकिने छ ।

तपसिल

सि नं	आयोजना/कार्यक्रमको नाम	इकाइ	परिमाण	बजेट रकम रु.	कैफियत
१	च्यांग्रा फार्म व्यवस्थापन तथा खोर सुधार कार्यक्रम शे फोक्सुण्डो गा पा ३	पटक	१	५०००००। पचास लाख	कृषि पूर्वाधार विकास कार्यक्रम

आवश्यक कागजातहरु

(क) रु.१० को हुलाक टिकट टाँस गरिएको अनुसुचि ४ अनुसारको सिलबन्दी आवेदन ।
(ख) पशुपंन्छी व्यवसाय गर्ने अनुसुची-४ अनुसारको प्रस्तावित परियोजना र प्रतिवद्धता पत्र।
(ग) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
(घ) गत आर्थिक वर्षको संस्थाको लेखापरीक्षण भएको प्रतिवेदन प्रतिलिपि,
(ङ) गत आर्थिक वर्ष सम्म कर बुझाएको वा कर छुट भएको भए सम्बन्धित कार्यालयको प्रमाण,
(च) सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाण पत्र।
(छ) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि र लिजमा लिएको भए कम्तीमा १० वर्ष जग्गा लिजमा लिएको प्रमाण पत्र।
(ज) विगत वर्षहरुमा अनुदान नलिएको स्वघोषणा पत्र ।
(झ) स्थानिय तह र पशुपन्छी शाखाको सिफारिस पत्र ।
(ञ) अनुदानग्राहीले यस कार्यालयमा आई निवेदन दर्ता गर्नु पर्ने छ।
(ट) अन्य आवश्यक कागजात केही भए पेश गर्ने।

डा. साजन रोकाया
कार्यालय प्रमुख